# टिप्पणी

विश्वको जुनसुकै देशहरुमा पनि जनसंख्याको विभिन्न गुणहरु (Attributes) को विवेचना गदौ उमेर सम्वन्धी विवेचनाले निकै महत्वपूर्ण स्थान पाएको हुन्छ, किन की, उमेर नै, जनसंखयाको प्रायः सवै जसो सारिणीहरुको आधार हुन आउदछ । उमेर संग वर्गीकरण नगरिएका सारिणहरुवाट वर्णन गरिएका कुराहरुको अर्थ स्पष्ट खुल्न नआउने हुंदा विषय हेरी प्रायः सवै सारिणीहरु उमेर संग वर्गीकरण गरिएका हुन्छन ।

यस गणना (२०१८ साल) मा पनि २००९।११ को जनगणना अनुसार नै उमेरको परिभाषा गरिएको छ । अर्थात व्यक्तिको उमेर लेख्दा, व्यक्तिले पुरा गरेको उमेर, नकि लागेको उमेर लेलिएको छ । जस्तै कुनै व्यक्ति ११ वर्ष ११ महिना भएता पनि ११ वर्ष मात्रै लेखिएको छ र त्यस्तै गरि १ वर्ष नपुगेका वालकहरु ० शून्य वर्ष लेखिएको छन् ।

२००९।११ र २०१८ को दुई गणनामा विभिन्न उमेरको तहमा पर्न आउने जनसंख्याको प्रतिशत तलको तालिकामा दर्शाइएको छ ।

तालिका सं. :–विभिन्न उमेरको तहमा पर्न आउने जनसंख्या प्रतिशतमा, प्रदेश अनुसार २००९।११ र २०१८

(नरहरु मात्र)

| प्रदेश | ०-१४ वर्ष | | २५-५९ वर्ष | | ६०+ वर्ष | | उ.नखु. | |
|---|---|---|---|---|---|---|---|---|
| उमेर | २००९.११. | २०१८ | २००९ | २०१८ | २००९.११. | २०१८ | २००९.११. | २०१८ |
| नेपाल | ३९.९ | ४१.२ | ५५.३ | ५३.८ | ४.५ | ४.८ | ०.३ | ०.२ |
| पूर्व पहाड | ४२.६ | ४३.१ | ५१.९ | ५१.१ | ५.२ | ५.६ | ०.३ | ०.२ |
| पूर्व भित्री मधेश | ४२.७ | ३.३ | ५३ | ५२.३ | ४.१ | ४.३ | ०.२ | ०.१ |
| पूर्व तराई (महोत्तरी वाहेक) | ३६.३ | ३९.३ | ६०.४ | ५७ | २.९ | ३.८ | ०.४ | ०.४ |
| महोत्तरी | ३९ | ४२.५ | ५८ | ५४.६ | २.५ | २.८ | ०.५ | |
| का. उपत्यका | ३.१ | ३५.९ | ५८.५ | ५४ | ५.४ | ५.५ | १ | ०.६ |
| पश्चिम पहाड | ४०.८ | ४२.९ | ५२.८ | ५०.६ | १.१ | ६.४ | ०.३ | ०.६ |
| सुदूर पश्चिम पहाड | ४१.५ | ४१.५ | ५३.७ | ५३.४ | ४.६ | ४.९ | ०.२ | ०.२ |
| मध्ये भित्री मधेश | ४०.६ | ४०.७ | ५४.६ | ५४.७ | ४.५ | १.४ | ०.३ | ०.२ |
| प. भित्री मधेश | ४३.९ | ४४.३ | ५३.८ | ५२.९ | २.६ | २.७ | ०.२ | ०.१ |
| प. तराई | ३४.४ | ३५.८ | ६२.२ | ६० | ३.२ | ४ | ०.२ | ०.२ |
| सु.प. तराई | ३९.६ | ३९.७ | ५७.२ | ५६.९ | ३ | ३.३ | ०.२ | ०.१ |

माथिको तालिका सं. १ (क) बाट यो स्पष्ट देखिन आउंछ कि ०–१४ वर्षको उमेरको तहमा र ६० वर्ष भन्दा माथिको उमेरको तहमा २००९।११ को गणना भन्दा २०१८ को गणनामा जनसंख्याको प्रतिशत बढेको छ र १५–५९ वर्षको तहमा भने २००९।११ को भन्दा केही घटीनै देखिन आउंछ । ०–१४ वर्षको उमेरको तहमा २००९।११ मा ३९.९ %प्रतिशतबाट २०१८ मा ४१.२ %प्रतिशत हुन पुगेको छ

अर्थात २००९।११ र २०१८ सालको बीचमा वर्षहरुमा ०–१४ वर्षको उमेरको तहको जनसंख्यामा ३.५% प्रतिशत बृद्धि हुन आएको छ । यसको दुइ संभव कारणहरु हुन सक्तछन् । यी हुन :–

(क) २००९।११ र २०१८ को बीचका वर्षहरुमा जायजन्म (Fortility) मा बृद्धि हुनु । तर हाम्रो देशमा अज समम पनि जन्म मृत्यु दर्ता गर्ने चलन नभएकोले जन्म मृत्यु सम्वन्धी तथय्हरुको अभावमा जायजन्म सम्वन्धी कुनै पनि कुरा किटानका साथ भन्न नसकिने अवस्थामा भएको हुंदा जायजन्ममा नै बृद्धि भएकोले ०–१४ वर्षको उमेरको तहको जनसंख्या–